जन्मकुण्डली होस् वा हस्तरेखाको आधारमा जीवनभरीको भूत, वर्तमान तथा भविष्यबारे लिखित ग्यारेण्टी सहित शतप्रतिशत भविष्यवाणी गर्ने
ज्योतिषी सुश्री सीता रेग्मी
भेट्ने - बिहान १० देखि ५ बजेसम्म ।
ज्योतिष भविष्यवाणी परामर्श केन्द्र
पोखरा-२, बिन्ध्यवासिनी मन्दिर, नेपाल ।
फोन नं.९८४६२१८८१५

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार
राष्ट्रिय साप्ताहिक जि.प्र.कास्की/मोरङ द.नं.:११५/२०५५ प.क्षे.हु.नि.द.नं.: १/२०६८

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क १ २०६९ वैशाख ७ गते, बिहीबार 19, Apr. 2012 मूल्य रु. १०/-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नु हुनेछ ।
प्रधान सम्पादक
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल ।
मोवाइल नं. ९८५६०२०९१४

## विश्वविद्यालयका लागि बृहत् योजना अघि सारिँदै

# सरकारको सहयोगबिनानै ज्योतिष विश्वविद्यालय

✍ हरि पन्त

**पोखरा** : श्री ५ को सरकार, स्थानीय शिक्षा मन्त्रालयबाट २०५४ साल माघ १७ गते विश्वविद्यालय खोल्न स्वीकृति पाएको वैदिक ज्योतिष विज्ञान विश्वविद्यालयले १५ वर्षपछि विश्वविद्यालय स्थापनाका लागि बृहत् योजना अघि सार्ने भएको छ ।

यसअघि तत्कालीन शिक्षा मन्त्री कुलबहादुर गुरुङबाट स्वीकृति पाए तापनि देशको लामो द्वन्द्व तथा सङ्कटकालीन अवस्थाले विश्वविद्यालय स्थापना हुन सकेको थिएन । विश्वविद्यालय सञ्चालन गर्ने औपचारिक स्वीकृति पाए लगत्तै वि.सं.२०५४ माघ १९ गते नवलपरासीको मुकुन्दपुर-६ मा भएको बृहत् राष्ट्रिय ज्योतिषी तथा विद्वान, सन्त, महन्त, सर्वसाधारणहरूको भेलाले सर्वसम्मतिबाट डा. बलराम उपाध्याय रेग्मीको अध्यक्षतामा तदर्थ समिति गठन गरिएको थियो। अब विश्वविद्यालय स्थापना गर्न सरकारी निकायको मुख ताकेर नबसी बृहत् योजना सहित अघि बढ्ने भएको छ । बृहत् योजना अन्तर्गत देशव्यापी बृहत् महायज्ञ गरिने, विश्वविद्यालयका लागि प्रधान संरक्षक, विशिष्ट संरक्षक, संरक्षक, आजीवन सदस्य, संस्थागत सदस्य र साधारण सदस्यको रुपमा वर्गीकरण गरी विश्वविद्यालय बृहत् समिति गठन, विश्वविद्यालयमा भौतिक



शिक्षा मन्त्रालयले २०५४/१० १७ गते वैदिक ज्योतिष विज्ञान विश्वविद्यालयलाई दिइएको स्वीकृतिपत्र

सामग्री कसरी ?, कस्तो ?, कति ?, को व्यक्तिलाई कुन-कुन तहमा राख्ने ?, आर्थिक व्यवस्था कस्तो हुने भन्ने निर्णय गर्नका लागि विभिन्न बुद्धिजीवि, ज्योतिषी, पत्रकार, प्राध्यापक, व्यवसायी र विभिन्न निकायका कर्मचारीहरूसँग बृहत् छलफल तथा अन्तर्क्रिया कार्यक्रम रहेका छन् । यसमा प्रधान संरक्षक बन्नका लागि १ करोडभन्दा बढी, विशिष्ट संरक्षकका लागि १ करोड, संरक्षकका लागि ५१ लाख, आजीवन संस्थापक सदस्यका लागि १ लाख १ हजार, साधारण सदस्यका लागि ५ हजार १ सय रुपैयाँ विश्वविद्यालय स्थापनाका लागि सहयोग गर्नुपर्ने समितिले निर्णय गरेको छ ।

हाल विश्वविद्यालय तदर्थ समितिमा अध्यक्ष ज्यो.डा. बलराम उपाध्याय रेग्मी, उपाध्यक्षमा आचार्य जगन्नाथ शर्मा कंडेल, कार्यकारी महासचिवमा रामनाथ अधिकारी 'संगी', सचिवमा पं.इन्द्रप्रसाद भट्टराई, सह-सचिवमा मोतिलाल रिजाल, कोषाध्यक्षमा विष्णुप्रसाद शर्मा रहनुभएको छ।

त्यस्तै सदस्यरूमा युद्धप्रसाद वैद्य (इलाम), ज्यो.डा.मोहन ढकाल शास्त्री (मोरङ), मेनका बुढाथोकी (झापा), प्रा.केशवशरण उपाध्याय( नवलपरासी), यमनाथ आचार्य ( नवलपरासी), ज्यो.देवीलाल रिजाल (चितवन), देवमाया ज्ञवाली(गुल्मी), देवेन्द्र उपाध्याय(चितवन), ज्यो. कमलराज भण्डारी (चितवन), हरिशरण उपाध्याय(नवलपरासी), मनोहरि कंडेल (चितवन), बालकृष्ण कंडेल(बाग्लुङ), दत्तात्रेय दाहाल(डाङ) रहनुभएको छ । त्यस्तै सल्लाहकारहरूमा डा. मङ्गलराज जोशी, डा. केशवराम जोशी, डा. साम्वराज आचार्य रहनुभएको छ ।

विश्वविद्यालय समितिले विविध काम सम्पन्न भएपछि विश्वविद्यालयका लागि आवश्यक भौतिक र शैक्षिक सामग्री संरचनाको भरपर्दो स्रोत जुटाई वि.सं.२०७१ सालदेखि ज्योतिष एम.ए.को कक्षा शुरु गर्ने योजना बनाएको छ । विश्वविद्यालय स्थापनामा सरकारको प्रमुख भूमिका हुन्छ तर सरकारले कुनै सहयोग र सदासयता नदेखाए पनि समिति आफै यहि वैशाख महिनादेखि बृहत् योजनामा लाग्ने भएको छ।

विश्वविद्यालय स्थापना गर्न ज्योतिष भविष्यवाणीका संस्थापक सम्पादक समेत रहनुभएका ज्यो. डा. बलराम उपाध्याय रेग्मीको सक्रियतामा शिक्षा मन्त्रालयले वैधानिक स्वीकृति दिए तापनि स्वीकृति दिनु बाहेक अन्य कुनै तत्परता देखाउन सकेको छैन ।

१५ वर्षसम्म विविध कारणले रोकिएको विश्वविद्यालय स्थापनाको काम अब सरकारले कुनै पनि सहयोग नगरे तापनि निजी स्रोतबाटनै भए पनि विश्वविद्यालय स्थापना गरी ज्योतिष शिक्षाको पढाई सञ्चालन गरिने समितिका कार्यकारी महासचिव रामनाथ अधिकारी 'संगी'ले जानकारी दिनुभयो । नेपालमा व्यावहारिक ज्योतिष शिक्षाको पढाई हुने संस्था नभएको र भएकाले पनि खासै प्रभावकारी काम गर्न नसकेकाले ज्योतिष विश्वविद्यालय स्थापनाका लागि पहल हुन थालेको हो ।

वि.सं.२०५३ सालमा मेची-महाकाली ज्योतिष जागरण अभियानको सिलसिलामा अधिकांश नेपाली जनताले ज्योतिष शिक्षा पढ्ने चाहना देखाएपछि उक्त विश्वविद्यालयको अवधारणा अघि आएको तदर्थ समितिका अध्यक्ष रेग्मीले जानकारी दिनुभयो ।

नेपालमा यसअघि विभिन्न ६ वटा विश्वविद्यालय स्थापना भएर पनि प्राचीन महान ज्योतिष विद्या प्रभावकारी तरिकाले पढ्न

बाँकी ४ पेजमा...

# ज्योतिष भविष्यवाणी पत्रकारिता पुरस्कार स्थापना



**बधाई छ** : ज्योतिषी कृष्णप्रसाद दाहाल र तान्त्रिक दुर्गा आचार्य दाहाललाई संयुक्त रुपमा सम्मान गर्दै प्रमुख अतिथि आचार्य पं. केशवराज रेग्मी र ज्योतिष भविष्यवाणी साप्ताहिकका संस्थापक सम्पादक डा. बलराम उपाध्याय रेग्मी । तस्वीर : दीपकराज सुवेदी

✍ ज्योतिष भविष्यवाणी

**पोखरा** : नेपालको एकमात्र ज्योतिष विधागत रुपमा प्रकाशित हुँदै आएको ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिकले ज्योतिषको क्षेत्रमा पत्रकारिता गरी अथवा महत्वपूर्ण योगदान दिने व्यक्तिलाई सम्मानित गर्ने उद्देश्यले अक्षयकोषको स्थापना गरेको छ।

उक्त अक्षयकोषबाट हरेक वर्ष ज्योतिषको क्षेत्रमा पत्रकारिता गरी अथवा महत्वपूर्ण योगदान दिने व्यक्तिलाई सम्मान गर्नका निमित्त ज्योतिष भविष्यवाणी पत्रकारिता पुरस्कार स्थापना गरिएको हो ।

ज्योतिष भविष्यवाणी साप्ताहिकलाई वर्षभरीमा उत्कृष्ट सेवा पुऱ्याएका ढिकुर पोखरी घर भै हाल पोखरा-१, बगरमा बसोबास गरी ज्योतिष तथा तान्त्रिकको काम गर्दै आउनुभएका ज्यो.कृष्णप्रसाद दाहाल र दुर्गा आचार्य दाहाललाई सम्मान गर्न आयोजित कार्यक्रममा सो अक्षयकोषको घोषणा गरिएको हो ।

ज्योतिष भविष्यवाणी साप्ताहिकका संस्थापक सम्पादक डा. बलराम उपाध्याय रेग्मीको सभापतित्वमा सम्पन्न सम्मान कार्यक्रममा प्रमुख अतिथि आचार्य पं. केशवराज रेग्मी रहनुभएको थियो । ज्योतिष भविष्यवाणीलाई वर्षभरीमा उत्कृष्ट योगदान दिएको उच्च मूल्याङ्कन गर्दै ज्यो.कृष्णप्रसाद दाहाल र तान्त्रिक दुर्गा आचार्य दाहाललाई कार्यक्रमका प्रमुख अतिथि र सभापति रेग्मी द्वयले संयुक्त रुपमा सम्मानित गर्नुभएको हो । सम्मानित पश्चात् बोल्नुहुँदै सम्मानित व्यक्तित्व ज्यो. कृष्णप्रसाद दाहालले आफूले पाएको सम्मानले ज्योतिषको क्षेत्रमा अझ क्रियाशील हुन जिम्मेवारी थपेको बताउनुभयो । त्यस्तै अर्का सम्मानित व्यक्तित्व तान्त्रिक दुर्गा आचार्य दाहालले रु.२० हजारको अक्षयकोषको घोषणा गर्दै सम्मानले आफू निकै हर्षित भएको बताउनुभयो ।

उहाँले अक्षयकोषबाट आम्दानी हुने रकमले हरेक वर्ष ज्योतिष पत्रकारितामा महत्वपूर्ण योगदान दिने व्यक्तित्वलाई सानै भए पनि सम्मान गर्ने उद्देश्यले स्थापना गरिएको बताउनुभयो । उहाँले नेपालको एकमात्र विधागत अखवार ज्योतिष भविष्यवाणीलाई अनवरत रुपमा अगाडि लैजाने व्यक्ति र ज्योतिषको क्षेत्रमा कलम चलाई महत्वपूर्ण योगदान गर्नेलाई एउटा सानो कामको थालनी गरेकाले यसमा सहयोग गर्न सबैमा आग्रह गर्नुभयो ।

सम्मान कार्यक्रममा प्रमुख अतिथि आचार्य पं. केशवराज

बाँकी ४ पेजमा...

# शिव साइँबाबाको अभिनन्दन

✍ ज्योतिष भविष्यवाणी

**पोखरा** : राष्ट्रिय धर्म सभा नेपालले भारतको कर्नाटकबाट काठमाडौं आउनुभएका श्रीश्रीश्री शिव साइँबाबाको अभिनन्दन गरेको छ । धर्मसभाद्वारा काठमाडौंमा आयोजित कार्यक्रममा धर्मसभाका केन्द्रीय अध्यक्ष प्रा.डा. माधव भट्टराईले उहाँलाई दोसल्ला तथा सम्मानपत्रले सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा सम्मानित व्यक्तित्व शिव साइँबाबाले नेपालको प्राकृतिक सुन्दरता र धार्मिक आस्था विश्वमा नै नमूना भएको बताउनुभयो ।

विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:
- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



होटल फेवा प्रिन्स प्रा. लि.
चाउथे, कुँडहर
फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
The Most Specious Hotel In Pokhara
E-mail : fprince_pkr@wlink.com

*ज्योतिष वाणी - जन्मकुण्डलीको महत्व*

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने याऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटीं विधत्ते दीपो यथा वस्तु घनान्धकारे ॥

जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ, जस्तो कि अँध्यारोमा रहेको वस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ।

## सम्पादकीय...

# ज्योतिष विश्वविद्यालयलाई सहयोगको अपेक्षा

जन्मदेखि मृत्युपर्यन्त ज्योतिष जो सुकै व्यक्तिका लागि अति उपयोगी विद्या हो । ज्योतिष शिक्षा ब्राम्हण जातिमा सीमित देखिए तापनि यो बाहुनको मात्र शिक्षा होइन । कुनै पनि शिक्षा व्यक्ति विशेषको हुने गर्दैन । जसले पढ्यो उसले फाइदा पाउँछ । जसले जुन शिक्षा पढेन त्यो व्यक्ति त्यस शिक्षाबाट पाउन सकिने सम्पूर्ण लाभबाट बञ्चित हुने गर्दछ । जसले जुन शिक्षा पत्याउँदिन भन्दछ त्यो व्यक्ति सीमित ज्ञान र बुद्धिको हुन्छ । जो व्यक्तिले जति धेरै अध्ययन गऱ्यो, डिग्री प्राप्त गऱ्यो त्यो व्यक्ति समुद्रजस्तो व्यापक एवम् गम्भीर बुद्धिको हुन्छ । कुनै पनि शिक्षा, विद्याप्रति द्वेषभाव राख्नु, निन्दा गर्नु, पत्याउँदिन भन्नु सङ्कुचित बुद्धिको लक्षण हो । ज्योतिष जुनसुकै जातका व्यक्तिले पढ्नु आवश्यक छ तर ज्योतिष पढ्ने व्यक्ति पवित्र आचरणको हुनु पनि आवश्यक छ । पाश्चात्य शिक्षा प्रणालीमा पवित्रता, आचरण शुद्धिको, अनुशासनको ख्याल नगरिएकोले आज पाश्चात्य शिक्षाको डिग्रीधारी व्यक्ति जे पनि गर्न पछि पर्दैनन् । विद्यार्थीको धर्म पढ्नु हो । प्राध्यापकको धर्म इमान्दारिता पूर्वक पढाउनु हो । जो प्राध्यापक आफ्नो धर्मप्रति इमान्दार छैनन् त्यस्ता प्राध्यापक, उपकुलपतिको मुखमा विद्यार्थीहरूले मोसो दल्ने गरेका छन् । जो व्यक्ति स्कूल, क्याम्पसको प्रिन्सिपल अथवा क्याम्पस प्रमुख भएर छात्र-छात्रा, कर्मचारी, शिक्षक, प्राध्यापकको हित हुने धर्मको निर्वाह गर्दैन त्यस्ता क्याम्पस चिफको कार्यालय तालाबन्दीमा परेका छन् । त्यस्ता प्रमुखको मुखमा कालोमोसो दलिएको छ । आधुनिक शिक्षा क्षेत्रमा सर्वत्र राजनीति हावी भएको छ। आज शिक्षा क्षेत्रमा पेशा गर्नेहरू खानु कि ओकल्नु जस्ता भएका छन् । राजनीतिमा आजीवन लाग्नेहरू राजनीतिको धर्म निभाइरहेका छैनन् । राजनीतिकर्मी जे बोल्छन् त्यो गर्दैनन्, जे गर्छन् त्यो बोल्दैनन् । आज देश सर्वत्र धर्म छाडाको हातमा गएको छ । राष्ट्र, राष्ट्रियता, भाषा, धर्म, संस्कृति, संस्कार, सङ्घीयता अत्यन्तै कमजोर अवस्थामा पुगेका छन् । आधुनिक शिक्षाको उत्पादन बेरोजगारीमा परिणत भएको छ । अहिलेको नेपाली शिक्षा नीतिले अनुशासन, शिष्टता, सादा जीवन उच्च विचारको प्रवर्द्धन गर्न सकेको छैन । सरकारले करोडौं अरबौं रकम लगानी गरे पनि उत्पादित जनशक्ति विदेश पलायनको दौडमा छ भने कतै पनि काम नलाग्ने शिक्षित बेरोजगार, राष्ट्रका लागि काम नलाग्ने भारको रुपमा रहेका छन् । त्यसकारण आजको प्रत्येक बेरोजगार युवालाई स्वरोजगार प्रदान गर्न, शिष्ट सभ्य नागरिक बनाउन आफ्नो दायित्वप्रति जिम्मेवार व्यक्ति बनाउनका लागि नै ज्योतिष जस्तो विशुद्ध प्राविधिक शिक्षा दिलाई समग्र नेपालका युवा-युवतीलाई स्वदेशमा नै उत्पादनशील कार्यमा लगाउने हाम्रो पहिलो लक्ष्य हो जसलाई ज्योतिष विश्वविद्यालयले परिपूर्ति गर्नेछ । ज्योतिष आफैमा शतप्रतिशत स्वरोजगारयुक्त शिक्षा हो । ज्योतिष शिक्षाले भाग्यमा विश्वास गरेर कर्म नै नगर भन्दैन तर जुन पेशा, व्यवसाय गर्नका लागि जन्मेका हौं त्यसैमा लागेमा राम्रो उन्नति गर्न सक्ने बाटो बताइदिन्छ । 'गल्ती गर त्यसपछि सुध्रदै जाऊ' यो नीतिमा समस्त विश्वको जनशक्ति लागेको देखिन्छ । गल्ती गरेर पछुताउनुभन्दा, क्षमा माग्नुभन्दा कहिल्यै पछुताउनै नपर्ने बाटो हिंड ज्योतिष शिक्षाले सिकाउँछ । ज्योतिष शिक्षाको विकास पनि हजारौं वर्षको अध्ययन अनुसन्धान, परीक्षण पश्चात् भएको हो । जब बाहुन जातिले ज्योतिष जस्तो बहुमूल्य शिक्षा जो कसैलाई दिनुहुन्न भनेर सीमित दायरामा राख्ने कोशिश गरे तब यो शिक्षा लोपोन्मुख हुन पुग्यो

ज्योतिष शिक्षाको अस्तित्व उपयोग विश्वव्यापी रुपमा रहेको छ । जे.वी.विक्ली डट.कम. तथा फ्युचर प्वाइन्ट दिल्लीको संयुक्त अध्ययन अनुसन्धान पश्चात् तथ्य यो जानकारीमा आयो अफगानिस्तान, अल्बानिया, अल्जेरिया, अंगिला, अर्जेन्टिना, अमेर्निया, अरुवा, अस्ट्रेलिया, बहमाज, बहराइन, बङ्गलादेश, बार्वाडोज, बेलायत, ब्राजिल, बुल्गेरिया, क्याम्बोडिया, क्यानडा, चिलि, चाइना, कोलम्बिया, कोस्टारिका, कोसिया, साइप्रस, चेक रिपब्लिक, डेनमार्क, डोमिनीकन रिपब्लिक, इक्वेडर, इजिप्ट, एल साल्भाडोर, इस्टोनिया, फरोई आइजल्याण्ड, फिजी, फिनल्याण्ड, फ्रान्स, जर्मनीमा ज्योतिष भविष्यवक्ताहरू ज्योतिषको माध्यमबाट सेवा गरिरहेका छन् । त्यस्तै घाना, ग्रीक, ग्वाटेमाला, गुयाना, हङ्कङ्, हङ्गेरी, आइसल्याण्ड, इन्डोनेशिया, इरान, आयरल्याण्ड, इजरायल, इटाली, जमैका, जापान, जोर्डन, केन्या, कुवेत, लातभिया, लेवनान, लाइबेरिया, लिथुआनिया, मेक्सिको, मोरक्को, म्यान्मार, नेपाल, नेदरल्याण्ड, न्युजिल्याण्ड, नाइजेरिया, नर्वे, ओमान, पाकिस्तान, पनामा, पपुवान्युगिनी, पेरु, फिलिपिन्स, पोल्याण्ड, पोर्चुगल, प्यूरोतो रिको, कतार, रोमानिया, रसिया, स्कटल्याण्ड, सिंगापुर, चेकोस्लोभाकिया, साउथ अफ्रिका, साउथ कोरिया, स्पेन, श्रीलङ्का, सुडान, सुरिनाम, स्वीडेन, स्वीजरल्याण्ड, ताइवान, तन्जानिया, थाइल्याण्ड, टोगो, ट्रिनिडाड एण्ड टोवागो, टर्की, युनाइटेड अरब इमिरेट्स, युनाइटेड किङ्डम, अमेरिका, उक्रेइन, भेनेजुयला, भियतनाम, वेष्टइन्डिज, युगोस्लाभिया, जैरे समेत एक सय बाह्र राष्ट्रमा ज्योतिषीहरू रहेको प्रत्यक्ष रुपमा देखिएको छ । विश्वका जुन मुलुकमा पनि सूर्य चन्द्रमा उदाउने, अस्ताउने गर्दै होलान् ती देशमा ज्योतिष शिक्षाको अस्तित्व कम ज्यादा अनिवार्य रुपमा रहेको छ । भारतमा आई ज्योतिष पढेर अमेरिका फर्केका डेभिड फ्रली आफूलाई वामदेव शास्त्री भन्न रुचाउँछन् । उनले अमेरिकी ज्योतिष परिषद् स्थापना गरी संस्थापक अध्यक्षको रुपमा अमेरिका भरि ज्योतिष शिक्षाको प्रचार-प्रसार गरिरहेका छन् । ज्योतिष शिक्षाको जननी भारतका २९ प्रदेशमध्ये सत्ताइस प्रदेशमा ज्योतिष शिक्षाको राम्रो प्रचार-प्रसार रहेको छ जसमा आन्ध्रप्रदेश, आसाम, बिहार, छत्तीसगढ, दिल्ली, गोवा, गुजरात, हरियाणा, हिमाचल प्रदेश, जम्मु कश्मीर, झारखण्ड, कर्नाटक, केरला, मध्यप्रदेश, महाराष्ट्र, मेघालय, नागाल्याण्ड, सिक्किम, तमिलनाडु, त्रिपुरा, युनियन टेरिटोरी, उत्तरप्रदेश, उत्तराञ्चल तथा पश्चिम बङ्गालमा ज्योतिष भविष्यवक्ताहरू ज्योतिष शिक्षाको माध्यमबाट समाज सेवा गरिरहेका छन् । नेपालका पचहत्तर जिल्ला, चौध अञ्चल, पाँच विकास क्षेत्रमा २५ हजार ज्यादा ज्योतिष भविष्यवक्ताहरू ज्योतिष शिक्षा सेवामा सक्रिय अभ्यासरत रहेका छन् । ज्योतिष शिक्षा जति उपयोगी छ त्यो रुपमा खुलेर पढ्ने पढाउने उदारता छैन । त्यसकारण जसले जो कसैसँग जे जति सिक्यो त्यत्तिमा सीमित भै सेवा गरिरहेको छ । सरकार तथा बुद्धिजीविहरू ज्योतिषमा विकृति बढ्यो भन्छन् तर यो शिक्षामा लगानी शून्य छ । जुन शिक्षामा लगानी अरबौं छ त्यो बेकामको शिक्षा साबित भैरहेको छ । जो शिक्षा सर्वत्र सदावहार उपयोगी छ यसमा कसैले लगानी गरेको छैन । त्यसकारण ज्योतिष जस्तो बहुमूल्य शिक्षामा लगानी गरौं । स्वयम् स्वरोजगार बनौं । अरुलाई पनि स्वरोजगार बनाऔं । उच्च दक्ष ज्योतिष जनशक्ति उत्पादन गरौं । धर्म, राष्ट्रियता, संस्कार, संस्कृतिको जगेर्ना गरौं । यही उद्देश्यका साथ हामी तपाई माझ आउँदैछौं । प्रत्येक व्यक्तिको जीवनमा विश्वविद्यालय खोल्ने स्वर्णिम अवसर आउँदैन । तपाईं हामी सबै मिले असम्भव केही छैन । ज्योतिष शिक्षाको माध्यमबाट विश्वलाई जोड्दै ज्योतिष विश्वविद्यालयको स्थापना गरौं । नेपाललाई विश्वको नै ज्योतिष शिक्षाको केन्द्र बनाऔं । हाम्रो प्रमुख उद्देश्य यही हो । तपाई सबैसँग जे सहयोग सम्भव छ विश्वविद्यालयका लागि अर्पित गर्नुहोस् । सम्पूर्ण दानमध्ये विद्यादान विशिष्ट दान हो । त्यसकारण सदैव पुण्य फल्ने वृक्षको रुपमा स्थापना हुन गैरहेको ज्योतिष विश्वविद्यालयलाई सक्दो सहयोग गरी अगाडि बढाऔं हार्दिक अपेक्षा, नववर्ष २०६९ को शुभकामनाका साथ ।

# भविष्यवाणी भेटवार्ता

## "ज्योतिष विज्ञानको रुपमा रहे सबैले विश्वास गर्छन"



डा. कृष्णराज अधिकारी

**परिचय :** शैक्षिक परिवारमा पिता स्व.पं.मेघनाथ अधिकारी, माता देवका अधिकारीका दुई छोरामध्ये कान्छा सुपुत्रका रूपमा वि.सं.२०१९ साल फाल्गुन ५ गते शुक्रबारका दिन पोखरा-६, बैदाम, कास्की जिल्लामा जन्मनुभएका डा.कृष्णराज अधिकारी नेपाल प्राज्ञ मञ्च पोखराको सदस्य हुनुहुन्छ । उहाँले हाल कृषि विकास बैङ्कबाट अवकास लिइसक्नु भए तापनि पोखराको पृथ्वीनारायण बहुमुखी क्याम्पसमा प्रध्यापनरत हुनुहुन्छ । डा.अधिकारीले सानै उमेरमा घरमा सामान्य अध्ययन गरी आफ्नो ५ वर्षको उमेरमा तालबाराही नि.मा..वि.पोखराबाट औपचारिक अध्ययन शुरु गरी पोखराकै मालेपाटनमा अवस्थित बाराही मा.वि.पोखराबाट वि.सं.२०३७ सालमा द्वितीय श्रेणीमा एस.एल.सी.उत्तीर्ण हुनुभएको थियो । उहाँले एस.एल.सी.पश्चात् पोखराको पृथ्वीनारायण बहुमुखी क्याम्पसबाट आइ.ए., त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट बी.ए., एम.ए.(नेपाली), बी.एल, उत्तीर्ण गर्नुभएको थियो । अध्ययनकै क्रममा उहाँले त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाटै वि.सं.२०६१ सालमा नेपाली विषय अन्तर्गत 'देवकोटाका महाकाव्यको संरचना' शीर्षकमा विद्यावारिधि (पी.एच.डी.) गर्नुभएको छ । सानै उमेरदेखि पढाइमा विशेष ध्यान दिनुहुने डा.अधिकारीले नेपाल विद्याभूषण, देवकोटा शताब्दी सम्मान प्राप्त गर्नुका साथै अलिमियाँ लोक् वाङ्मय प्रतिष्ठान, नेपाल प्रध्यापक सङ्घ पृथ्वीनारायण बहुमुखी क्याम्पस एकाई, कृषि विकास बैङ्क, शिशु विकास तथा स्याहार केन्द्र, तालबाराही उच्च मा.वि.लगायत अन्य सङ्संस्थाबाट सम्मानित एवम् पुरस्कृत भैसक्नु भएको छ । साहित्यमा अत्यन्त चाँसो राख्नुहुने डा.अधिकारी नेपाल प्राज्ञमञ्च पोखराका सदस्य, गण्डकी साहित्य संगम र प्रगतिशील लेखक सङ्घ कास्कीका सचिव, साहित्य शृङ्खलाका सदस्य, पुनरावेदन बार एशोसिएशन पोखराका सदस्य, प्राकृतिक सम्पदा तथा जनअधिकार संरक्षण समितिका सदस्य, कृषि विकास बैङ्क क्षेत्रीय समितिका पूर्व सचिव लगायत अन्य सङ्घ-संस्थामा आबद्ध हुनुहन्छ । उहाँका स्मृतिका विम्बहरू(२०६३), महाकाव्य सिद्धान्त र देवकोटाका महाकाव्य(२०६६) र सुरुङ खन्दैछन् मुसाहरू(२०६८) कृति प्रकाशित हुनुका साथै वधु शिक्षाकी वधु सिक्री, घिमिरेको राष्ट्र कवित्व प्रश्न लगायत करिब दुई दर्जन समालोचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भैसकेका छन् । प्रस्तुत छ ज्योतिष भविष्यवाणी साप्ताहिकका प्रतिनिधि हरि पन्तले उहाँसँग भेटवार्ताको क्रममा गरेको कुराकानीका अंश:

ज्यो.भ.-डा.अधिकारीज्यू, तपाईंलाई हाम्रो ज्योतिष भविष्यवाणी साप्ताहिकमा हार्दिक स्वागत छ ।

डा.अधिकारी - हजुर, धन्यवाद !

ज्यो.भ.-यतिधेरै पढ्न कसरी सम्भव भयो ? यतिधेरै पढ्छु भन्ने सोचाई कहिलेबाट आयो ?

डा.अधिकारी-मेरो सानै उमेरदेखि नै पढाइप्रति अलि बढी लगाव थियो । यसमा निष्ठापूर्वक लाग्दा सम्भव हुँदो रहेछ भन्ने कुराको प्रमाणित भएको छ । पहिला कसैले पनि पत्याएका थिएनन् मैले विद्यावारिधि नै गर्छु भन्ने । मलाई यहाँसम्म ल्याउन विशेष गरी प्रा.डा. माधव पोखरेलको सहयोग र प्रेरणा रह्यो र तोकिएकै समयमा विद्यावारिधि गरें । यहाँसम्म ल्याउनका लागि मेरी आमा देवका अधिकारी र श्रीमती शकुन्तलाको पनि महत्वपूर्ण सहयोग रहेको छ । मैले यति धेरै पढ्छु भन्ने सोचेको थिइन । बीचमै छोड्छु जस्तो लागेको थियो । किनकि त्रि.वि.मा अनावश्यक प्राविधिक झमेला हुने गर्दथ्यो । अन्य व्यक्तिहरूले विद्यावारिधि नगरोस् भन्ने नेपाली प्राध्यापकहरूको मनोगत प्रवृतिले गर्दा यसबाट सबै पीडित हुने गरेका थिए । यसैको घानमा म पनि परें । जब मैले डिग्री पूरा गरें त्यसताका मेरा ठूलोबुबा पूर्णभद्र अधिकारीले विद्यावारिधि गर्नुपर्छ भनेर सल्लाह दिनुभएपछि म मा विद्यावारिधि गर्ने सोच आयो ।

ज्यो.भ.- पढ्दा कस्तो सङ्घर्ष गर्नुभयो ? सङ्घर्ष भनेको के हो ?

डा.अधिकारी-स्कूले जीवनमा खासै सङ्घर्ष गरिएन । जब मैले कृषि विकास बैङ्कको जागीर खाएँ तब मेरो पढाइको वातावरण असहज बन्न पुग्यो । बैङ्कको पनि ठूलै जिम्मेवारी लिएर काम गर्नुपरेकाले पढ्ने समय कत्ति पनि मिलेन । अहिले स्थायी प्राध्यापकहरूले विद्यावारिधि गर्नका लागि ५ देखि ७ वर्षको विदा पाउँछन् तर मैले बैङ्कमा जागीर खाएकाले त्यो सुविधा पाउन सकिन । मेरो पढाइमा कृषि विकास बैङ्कको कुनै सहयोग रहेन । यहाँसम्मकी मेरो उपयुक्त ठाउँमा सरुवा समेत भएन । त्यसपछि बैङ्कमा स्वाभिमानी मानिसको काम नहुने भएर मैले स्वेच्छिक अवकाश लिएँ । सङ्घर्ष भनेको कठिनाईसँग जुध्नु हो । सङ्घर्ष पछिको परिणाम रमाइलो र मिठो हुन्छ ।

ज्यो.भ.- प्राध्यापन पेशामा आउनुको कारण ? अहिले कस्तो लाग्छ ?

डा.अधिकारी-मेरो अध्ययन र रुचिको क्षेत्र यही पेशा हो । यस पेशामा रहेर आफूले अध्ययन गरेका सबै कुरा विद्यार्थीहरूलाई स्वतन्त्र तरिकाले सिकाउन पाउने स्वावलम्वी र सम्मानित पेशा भएकाले आएको हुँ । तर प्राज्ञिक हिसावले जुन सोचेर आएको थिएँ अहिले त्यो पाउन सकिन । पहिला सम्मानित पेशा भए तापनि अहिले त्यस्तो अवस्थामा छैन । यसमा पेशागत इमान्दारिता हराएको छ । विकृति र विसङ्गति व्याप्त छ । धेरै प्राध्यापकहरूले त्रि.वि.लाई आफ्नो स्वार्थ पूर्ति गर्ने भाँडो बनाएका छन् ।

ज्यो.भ.- अहिलेको शिक्षा नीति कस्तो लाग्छ ?

डा.अधिकारी-समयानुकुल हुनुपर्ने हो त्यस्तो भएको छैन । पाठ्क्रमको सही ढङ्गले परिमार्जन हुनुपर्ने हो त्यो पनि भएको छैन। प्राध्यापकहरूको आफ्नो जिम्मेवारी र कर्तव्य सही तरिकाले निर्वाह भएको छैन। अहिलेको युगमा आधुनिक शिक्षा नीति आउनु पर्ने हो आउन नसकी परम्परागत शिक्षा नीतिमा नै चलिरहेको छ। यसले गर्दा विद्यार्थीहरू विदेशिएका छन् । अहिलेको शैक्षिक नीति बेरोजगारी उत्पादन गर्ने नियम बनेको छ ।

ज्यो.भ.- शिक्षा व्यापारीकरण भएको छ नि ?

बाँकी ५ पेजमा...

# मगर सङ्घमा रचना वाचन

✍ **ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपाल मगर लेखक सङ्घ गण्डकी अञ्चल समितिले नयाँ वर्ष २०६९ सालको उपलक्ष्यमा शुभकामना आदान-प्रदान तथा चौथो नियमित रचना वाचन कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा मगर तथा नेपाली भाषामा १५ जना स्रष्टाहरुले कविता वाचन गरेका थिए ।

कार्यक्रममका सभानायिका तथा साहित्यकार फूलकुमारी थापा मगरले वाचन गरिएका रचनाहरुको समिक्षा तथा विष्लेषण गर्नुभएको थियो । कार्यक्रमका विशेष अतिथि एवम् नेपाल मगर सङ्घ कास्कीका अध्यक्ष पूर्णबहादुर राना मगरले भाषा, संस्कार र संस्कृतिको जगेर्नाको लागि साहित्य लेखनको महत्वपूर्ण भूमिका रहेको हुनाले यस खालको कार्यक्रमहरुलाई अझ मगर गाउँ र समुदायसम्म पुऱ्याउन आग्रह गर्नुभयो ।

त्यसैगरी नेपाल मगर लेखक सङ्घ गण्डकी अञ्चल समितिका सल्लाहकार एवम् गेसो पश्चिमाञ्चलका अध्यक्ष हर्कबहादुर पुन मगरले आफ्नो भाषा, संस्कृतिको जगेर्नाको कर्तव्यबोध सबैले गर्नुपर्ने र यसलाई लेखनको माध्यमले बुलन्द गराउनुपर्ने बताउनुभयो।

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासङ्घ समन्वय परिषद् कास्कीका अध्यक्ष पानबहादुर भुजेल, आदिवासी पत्रकार सङ्घ केन्द्रीय उपाध्यक्ष तिलक पुन मगर, नेपाल मगर महिला सङ्घ कास्कीका अध्यक्ष मनकुमारी पुन मगर, पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष शिव थापा मगर, रिवर्थ इभेन्ट म्यानेजमेन्टका अध्यक्ष अरुण दलार्मी मगर, नेपाल मगर विद्यार्थी सङ्घ केन्द्रीय सदस्य फरेन्द्र थापा मगर लगायतले लेखनको माध्यमबाट अधिकार प्राप्तिका लागि आवाज उठाउनु पर्नेमा जोड दिनुभएको थियो । उहाँहरूले जातीय पहिचान भनेकै उनीहरुको भाषा, संस्कार र संस्कृति भएकोले यसलाई सधैं जिवन्तता दिलाउन लेखकहरुलाई आग्रह गर्नुभएको थियो।

कार्यक्रममा साहित्यकार एवम् पत्रकार रुद्र हिटान मगर, नेपाल मगर लेखक सङ्घ केन्द्रीय सदस्य रुद्र सन्देश मगर, नेपाल मगर चलचित्रकर्मी सङ्घका महासचिव मेजन पुन मगर, नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ कास्कीका अध्यक्ष हुमबहादुर गुरुङ लगायतले शुभकामना मन्तव्य सहित रचना वाचन गर्नुभएको थियो । यसैगरी नेपाल मगर विद्यार्थी सङ्घ कास्कीका अध्यक्ष गम्भीर राना मगर, ऋतुभक्त थापा मगर, पत्रकार गोविन्द सिंजाली मगर, मीना थापा मगर, कृष्ण थापा मगर, पवित्रा बुढा मगर लगायतले भाषा, संस्कृति र अधिकारका लागि एकजुट होऔं भन्ने सन्देशका कविताहरु वाचन गर्नुभएको थियो ।

# साहित्य श्रृङ्खलामा पारिजातको चर्चा

✍ ***ज्योतिष भविष्यवाणी***

***पोखरा** : साहित्य श्रृङ्खला पोखराको १२६औं नियमित रचनावाचन साहित्यकार पारिजातको चर्चासहित शनिबार सम्पन्न भएको छ ।*

*पारिजातको विषयमा विद्यावारिधि गर्नुभएका प्रा.डा. भवानी पाण्डे 'भास्कर'ले पारिजातलाई एउटा सङ्घर्षशील र कर्मठ साहित्यकारको रुपमा चित्रण गर्नुभयो।*

*उहाँले पारिजातका आत्म जिवनी र निबन्धहरु उपन्यास भन्दा पनि उत्कृष्ट भएको बताउनुभयो । कार्यक्रममा समालोचक रघुनाथ अधिकारीले अस्तित्ववादी चिन्तनबाट साहितियक यात्रा शुरु गरेकी पारिजातको यात्रा प्रगतिवादमा पुगेको देखिन्छ भन्नुभयो। त्यस्तै गण्डकी साहित्य सङ्गमका अध्यक्ष नारायण परिश्रमी, साहित्यकारहरू परशुराम कोइराला, मदन भण्डारी, नारायण मरासिनी र चूडामणि खनालले पनि पारिजातको योगदानको चर्चा गर्नुभएको थियो।*

*हरेक महिनाको पहिलो शनिवार नियमित रुपमा आयोजना हुने रचनावाचनको सो श्रृङ्खलामा काशीनाथ कुमाल, सुरज उपाध्याय, घनश्याम शर्मा रेग्मी, हेमन्त हितैषी, अम्विका भण्डारी, विभास, फडिन्द्र अकिञ्चन, आवाज शर्मा, रामनाथ अधिकारी 'सँगी', सुरज उपाध्याय, अमृत सुवेदी 'गुराँस', नुमराज बराल, पद्मम्राज ढकाल, इन्द्र राना 'प्रतीक' लगायतले रचनावाचन गर्नुभएको थियो ।*

*कार्यक्रममा वाचित रचनाहरुको समिक्षा डा. कृष्णराज अधिकारीले गर्नुभएको थियो। साहित्य श्रृङ्खलाका संयोजक भीम रानाभाटको अध्यक्षता र लक्ष्मण गौतम 'हिमाली'को सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।*

# गीताञ्जलीमा साधना प्रभात

✍ **ज्योतिष भविष्यवाणी**

**पोखरा** : गीताञ्जली साहित्य परिवार पोखरामा ११३औं साधना प्रभात कार्यक्रम सम्पन्न भएको छ ।

परिवारका अध्यक्ष कृष्ण भण्डारी 'मुमुक्षु' को अध्यक्षतामा सम्पन्न कार्यक्रममा साहित्यकार नारायण प्रसाद बाँस्तोला 'श्रमपंथी' प्रभात नायक रहनुभएको थियो ।

कार्यक्रममा साहित्यकारहरू प्रकाश ज्ञवाली, शङ्कर ज्ञवाली, सन्दिप भण्डारी, दीपक कोइराला, शोभा लामिछाने, लक्ष्मण गौतम'हिमाली', काजी गाउँले, रोशनी अधिकारी, शिव थापा मगर, पूजा भण्डारी, शेषमणि कोइराला, सूर्यराज घिमिरे, धर्मराज पौडेल'अल्पायू', घनश्याम शर्मा रेग्मी, कृष्णप्रसाद पन्त, रामनाथ अधिकारी 'संगी', हेमन्त हितैषी, विष्णु अल्पविराम, भानुभक्त भण्डारी, रुद्रबहादुर थापा मगर, पद्मराज ढकाल लगायतले आफ्नो रचना वाचन गर्नुभएको थियो । कार्यक्रममा प्रस्तुत भएका रचनाको टिप्पणी गर्दै समालोचक मदन भण्डारीले कुनै रचनालाई पाकेको हलुवा बेल र कुनै रचनालाई कट्मेरो अम्वाको संज्ञा दिनुभयो । कार्यक्रममा बोल्नुहुँदै प्रभात नायक नारायणप्रसाद बाँस्तोला 'श्रमपंथी'ले नव वर्षले साहित्यका हाँगो पनि नयाँ-नयाँ बन्दै जाने अपेक्षा रहेको बताउनुभयो ।

कार्यक्रममा परिवारका अध्यक्ष कृष्ण भण्डारी'मुमुक्षु', सह-सचिव लालमणि पोखरेल, रविभक्त बराल लगायतले बोल्नुभएको थियो ।

## आँफूलाई चिनौं



शङ्कर ज्ञवाली

पोखरा-१५, कास्की

अति धनी भएँ भनि सिरक ओछ्याउनु हुन्न
सद्धे ऐना फूटाएर टुक्रा जोड्नु हुन्न
कोपरामा खाना खान्न जति गरिब भए पनि
यही देशकै पौरख खान्छु सबै विदेश गए पनि

।।१।।
दिशा खाए नि कुकुरले मालिकलाई चिन्छ
पानी छोड्छ रजहाँसले दूध मात्र लिन्छ
सेतै दूध दिन्छ गाइले सुख्खा पराल हाले पनि
विषै दिने गर्छ सर्प अमृत खुवाई पाले पनि
।।२।।
ठूलो रुख पिपलको सानै हुन्छ बीउ
कमिलाले हात्ती मार्छ सुस्म हुन्छ जिउ
अणु बमले संसारलाई छिनमा ध्वस्त पार्छ
अति सुस्म भाइरसले दीर्घ रोग सार्छ
।।३।।
चिल माथि उडे पनि दृष्टि सिनोमाथि
साथमा कोही नहुनेको छायाँ हुन्छ साथी
अरुलाई अर्ति नदेउ पहिले आत्म चिन
हात खुल्ला गराई हिंड बन्द मुठ्ठी किन ?
।।४।।

## ऋतु विचार



रामनाथ अधिकारी 'संगी'

फूलवारी-३, कैलाली

कुन राशिमा कुन ऋतु कुन पर्दछ मैन्हा
सजिलो छ बुझ्नलाई देखिनेछ ऐना ।१।
मकर कुम्भ राशिभित्र शिशिर ऋतु पर्छ
माघ फाल्गुन दुवै मैन्हा यसले भोग गर्छ ।२।

मीन मेष राशि त्यस्तै वशन्तमा डुले
चैत्र वैशाख भोग गर्छ वसन्त ऋतुले ।३।
मिथुन र वृष राशि लगाउँछ बैना
ग्रीष्म ऋतु पर्छ आषाढ र जेष्ठ मैन्हा ।४।

कर्क सिंह राशिभित्र वर्षा ऋतु पर्छ
श्रावण भाद्र दुई मैन्हा यस्ले भोग गर्छ ।५।
मैन्हा दुई तुला कन्या राशिले भोग गर्छ
आश्विन र कार्तिकमा शरद ऋतु पर्छ ।६।

यसबेला वृश्चिक र धनु राशि चले
मार्ग पौष भोग गर्छन् ऋतु हेमन्तले ।७।
उल्लेखित भए यहाँ ६ ऋतुका नाम
रोकिदैनन् गरेका छन् आफ्ना-आफ्ना काम ।८।

पन्ध्र तिथिहरू मिल्दा एक पक्ष बन्छ
त्यस्ता दुई पक्ष हुँदा एक मैन्हा हुन्छ ।९।
दुई-दुई महिनाको एक ऋतु हुन्छ
तीन ऋतु मिलाउँदा एक अयन हुन्छ ।१०।

६ ऋतुको बाह्र मैन्हा एक संवत्सर
हुन्छ भनि ज्योतिषमा लेखिएको छ र ।११।
यस्तै साठी संवत्सरका साठी नाम हुन्छन्
युग युगान्तरसम्म क्रमैसँग घुम्छन् ।१२।

## शुभकामना



कृष्ण भण्डारी 'मुमुक्षु'

न मेरा सपना फके, न फके जनचेतना
लथालिङ्ग भताभुङ्ग, छ यहाँ शुभकामना ।१।
कसरी कसरी हाँसू, कसरी सिर्जना गरुँ
चन्द्र सूर्य ध्वजालाई, के जुक्तिले बचाउनु ।२।

महंगी भेलझैं उर्ली, झुपडी नै गुडाउने
संस्कार संस्कृति फाटे, के गरी हो बचाउँने ।३।
एकता खै कता भाग्यो, मारामार जताततै
यो देश प्रेमको नारा, पुगेछ कि विदेशमै ।४।

आयो विषादिले ग्रस्त, बेमौसमी कुरा सबै
नखानू पनि के खानू, कस्तो सङ्कट यो सधैं ।५।
नाङ्गा चित्रसरी मान्छे, हुँदा निर्लज्ज पो अझै
विकासे चेतना हाम्रो, स्वत्वहीन भयो कठै ! ।६।

देख्दै छु खेतका धाँजा, अन्न आमा बिहिन त्यो
गुम्दैछ बस्तीको शोभा, छाती चसक्क दुख्छ यो ।७।
लुटेको कसरी हेरुँ, कुमारीत्व विनाश यो
कहाँ छ न्यायको दीप,? जनआस्था कहाँ छ त्यो ।८।

कति निर्धो भए आज, देश लुट्दा हराउने
कति सस्तो भए आमा, ऋण थापी रमाउने ।९।
घ्यू दूध चिनी तेल, पोकामात्र फलाउने
शर्महीन भए नेता, देश बेचे कहाँ रुने ? ।१०।

उठाउ देशको माटो, सजाऊ शिरमा अब
स्वतन्त्र राष्ट्रको गीत, गाउनु पर्छ है अब ।११।
जात जाती र भाषाको, भेदभाव मिटाउँदै
यहाँ नेपाल त्यो मेरो, खोज्नु छ पछि लाउँदै ।१२।

## स्वर्गीय आमाको सम्झना



धर्मराज पौडेल 'अल्पायू'

पोखरा-१३,कास्की

बुझिन मैले आमाको व्यथा म ठूलो भएर
कहाँ छिन् आमा देख्दिन कहीं के गर्नु रोएर ।१।
दु:खका दिन बिर्साउने आमा म चिन्न सकिन
याद् आउँछ दिन्दिन् म खोज्छु सधैं पाउन सकिन ।२।
सम्झेकि छ्यौकि बिर्सियौ तिम्ले काखमा रोएको
छ होला याद त्यो मेरो पीडा आँसुले धोएको ।३।
कहिं जाउली जस्तो लाग्थेन मलाई काँ गयौ छाडेर
खुवाउँथ्यौ तिम्ले दश घर डुली चाहारा मागेर ।४।
कोखिको घाउ म तिम्रो छोरो बनेर जन्मिएँ
आशा र इच्छा न पूरा गरें कुधर्मी बन्दिएँ ।५।
के रोग लाग्यो भित्रको पीडा बाँडौंन भनिन
न आमा मर्छिन न मनी मर्छु मईंले सम्झिन ।६।
कच्कची आमा घुर्काउथिन मलाई के गर्छस् तईंले
यी आमा यस्तै हुन् सधैं भरी सोच्दथें मईंले ।७।
आत्मको ज्वाला दन्केको रैछ देखिन आँखाले
एक चम्चा पानी देउन मलाई भनिनन् आमाले ।८।
हेरेको हेऱ्यै टोलाएँ म त के भो नि आमालाई
चिच्याहट् निस्क्यो घरभरी भए ति मेरा दाजुभाइ।९।
सोचिन मैले मरेको भनी कोट्याई बोलाएँ
बेहोसी बनि एकोरो भई म आफै टोलाएँ ।१०।

# काङ्ग्रेसद्वारा शुभकामना आदान-प्रदान

ज्योतिष भविष्यवाणी

**पोखरा** : नेपाली काङ्ग्रेस वडा नं.२ विन्ध्यवासिनी पोखराले नयाँ वर्ष २०६९को अवसरमा चियापान तथा शुभकामना आदान-प्रदान कार्यक्रम शनिबार सम्पन्न गरेको छ ।

नेपाली काङ्ग्रेस वडा कमिटीका सभापति सुरेन्द्रमान विजुक्छेको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाली काङ्ग्रेसका केन्द्रीय आमन्त्रित सदस्य शुक्रराज शर्मा रहनुभएको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै केन्द्रीय सदस्य तथा प्रमुख अतिथि शर्माले नयाँ वर्षले कोही खराब नहुन, कोही अन्यायमा नपरुन भन्दै शुभकामना व्यक्त गर्नुभयो। उहाँले नयाँ वर्षको चुनौतिसँग नयाँ उपलब्धि हाँसिल गर्न आँफूलाई उदाहरणीय सुधार गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । नेपाली काङ्ग्रेस कास्कीका पूर्व सभापति समेत रहनुभएका शर्माले यसअघि के भयो भनेर नसोचौं आगामी दिनमा आँफूलाई सच्याउँदै आ-आफ्नो ठाउँबाट सुधारिएर अघि बढ्न आग्रह गर्दै एमाओवादी र एमाले जति प्रजातन्त्र र काङ्ग्रेस समाजवादी बनेमा देशमा शान्ति स्थापना गर्न सहज हुने धारणा व्यक्त गर्नुभयो ।

त्यसैगरी नेपाली काङ्ग्रेस कास्कीका सभापति यज्ञबहादुर थापाले शान्ति प्रक्रियाको यात्रालाई पूरा गर्दै देशमा लोकतान्त्रिक संविधान निर्माणमा सबै लाग्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा बोल्नुहुँदै कार्यक्रमका सभापति सुरेन्द्रमान विजुक्छेले जातीयताका आधारमा देश गए विखण्डन हुने चेतावनी दिनुभयो । कार्यक्रममा थुलुङ र उनका साथीहरूले शुभकामना गीत गाएका थिए । कार्यक्रममा काङ्ग्रेसका नेता तथा कार्यकर्ता, उद्योग व्यवसायी, सुरक्षा निकायका प्रतिनिधि, विभिन्न पार्टीका प्रतिनिधि लगायत स्थानीय वासिन्दाहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

# समता काव्य सन्ध्या सम्पन्न

ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरेली युवा सांस्कृति परिवार पोखराको आयोजनामा २२६औं समता काव्य सन्ध्या शनिबार सम्पन्न भएको छ । साहित्य, कला र संस्कृतिको उत्थान हाम्रो प्रण भन्ने मूल नाराका साथ आयोजित कार्यक्रम परिवारका अध्यक्ष शिव थापा मगरको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा साहित्यकारहरू हेमन्त हितैषी, शरण आँसु, अमृत सुवेदी 'गुराँस', फडिन्द्र अकिञ्चन, अर्जुन अधिकारी, सुरज उपाध्याय, किशोर गुरुङ, शङ्कर ज्ञवाली, विष्णुप्रसाद बाँस्तोला, नारायणप्रसाद बाँस्तोला'श्रमपंथी', रामनाथ अधिकारी 'संगी', गोविन्दराज पराजुली, भरतराज कोइराला, सरस्वती श्रेष्ठ'सरु', ईन्द्र राना 'प्रतीक', विष्णु अल्पविराम, लक्ष्मण थापा, ईश्वरमणि अधिकारी, प्रकाश ज्ञवाली फूलमाया गर्वुजा, बुद्धि गुरुङ, सुजन गैह्रे लगायतले रचना वाचन गर्नुभएको थियो ।

कार्यक्रममा कवि तेजनाथ घिमिरेले मानिसको तन फरक भए पनि मन कहिल्यै फरक नहुने बताउनुभयो ।

# राजु लामा लाइभ इन हुने

ज्योतिष भविष्यवाणी

**पोखरा** : नमस्ते इन्टरटेन्मेन्ट प्रा.लि.को आयोजनामा वैशाख १६ गते गायक राजु लामा लाइभ इन पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा हुने भएको छ । अपाङ्ग पुनःस्थापना केन्द्र नेपालका बालबालिकाहरूको सहयोगार्थका लागि सो कार्यक्रम गरिन लागिएको संयोजक कृष्णबहादुर परियारले बताउनुभयो।

सो कार्यक्रममा गायक राजु लामाले न्यूनतम् १ दर्जन गीत गाउने बताइएको छ । रु.२ सयको प्रवेश टिकटको व्यवस्था गरिने कार्यक्रम ६ हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको सो अवसरमा संयोजक परियारले जानकारी दिनुभयो ।

सो कार्यक्रमबाट अनुमानित १५ लाख आम्दानी हुनुका साथै ८ लाख ५० हजार खर्च भै करिब ४ लाख रुपैयाँ खुद् नाफा गर्ने लक्ष्य राखिएको संयोजक परियारले बताउनुभयो । संस्था स्थापनाको ८ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा सो कार्यक्रम पहिलो पटक गर्न लागिएको हो।

कार्यक्रमलाई रोमोनोभ भोड्काले प्रायोजन गर्ने बताइएको छ । यसअघि अमेरिका बस्दै आउनुभएका गायक राजु लामा कार्यक्रमका लागि नेपाल आइसक्नुभएको बताइएको छ ।

## ज्योतिष...

रेग्मीले ज्योतिष शिक्षा जति पढ्यो त्यति नै काम लाग्ने भएकाले कसैले पनि हेलचक्रयाईं गर्न नहुने धारणा व्यक्त गर्नुभयो ।

त्यस्तै ज्योतिष भविष्यवाणी साप्ताहिकका संस्थापक सम्पादक तथा कार्यक्रमका सभापति डा. बलराम उपाध्याय रेग्मीले तान्त्रिक दुर्गा आचार्य र ज्योतिषी कृष्णप्रसाद दाहालले अक्षयकोषको घोषणा गर्नु ज्योतिषको क्षेत्रमा महत्वपूर्ण कामको थालनी भएको बताउँदै यसमा सहयोग गर्न सबैमा आग्रह गर्नुभयो ।

उहाँले ज्योतिष र तान्त्रिक एक अर्काका परिपूरक भएकाले सहकार्य गरी अघि बढ्नुपर्नेमा समेत जोड दिनुभयो ।

कार्यक्रममा ज्योतिष भविष्यवाणी साप्ताहिकका प्रवन्ध निर्देशक तथा महाकाव्यकार रामनाथ अधिकारी'संगी', प्रमुख व्यवस्थापक सीता रेग्मी, पत्रकार हरि पन्त, ज्योतिष प्रशिक्षार्थी दीपकराज सुवेदी, बिन्दु पराजुली, ज्योतिषी बिना गुरुङ लगायतले बोल्नुभएको थियो ।ज्योतिषी कृष्णप्रसाद दाहाल र तान्त्रिक दुर्गा आचार्यले घोषणा गर्नुभएको अक्षयकोषलाई आगामी दिनमा १ लाख ११ हजार पुऱ्याइने भएको छ । ज्योतिष भविष्यवाणी साप्ताहिक पत्रिकाले वि.सं.२०६३/२०६४ मा पत्रिकालाई उत्कृष्ट योगदान दिने मुक्तिनाथ पीठाधिश्वर स्वामी कमलनयन आचार्यलाई सम्मानित गरिएको थियो ।

## विश्वविद्यालय...

नपाउँदा विभिन्न ज्योतिषीहरूबाट नेपाली जनता पीडित हुँदै गैरहेका छन् ।ज्योतिषीहरूले जनतालाई पीडित बनाउँदै जानु ज्योतिषका विद्वानहरूले संस्कृत नपढेका जो कोहीलाई ज्योतिष पढाउन नहुने मान्यतालाई तोड्नकै निम्ति विश्वविद्यालय स्थापनाको महसुस र आवश्यकता हुँदै गैरहको छ ।

वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय स्थापना भएमा दक्षिण एशियामानै नमूना बन्नुका साथै नेपाली जनताको ज्योतिष पढ्ने चाहना पूरा हुनेछ ।

## जिल्ला निर्वाचन कार्यालय,कास्कीको विशेष सूचना

१) यही २०६९ साल वैशाख ३ गतेदेखि कास्की जिल्लामा देहायका गा.वि.स. कार्यालय तथा नगरपालिकाका वडा कार्यालयहरुमा देहायका मितिमा फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गराएका व्यक्तिहरुको विवरण प्रकाशन हुँदैछ ।

| सि. नं. | मिति | दर्ता कार्यक्रम सञ्चालन हुने गा.वि.स./नगरपालिका वडा |
|---|---|---|
| १. | २०६९/०१/०३ | माछापुच्छ्रे, भदौरेतामागी, सार्दीखोला, घान्द्रुक भरतपोखरी, पार्चे, आर्वाविजय, भाचोक, देउराली, ढिकुरपोखरी, ल्याङघलेल र कालिका |
| २. | २०६९/०१/०६ | घाचोक, पुरञ्चौर, सिल्दुजुरे, काहुँ, मिजुरेडाँडा, सिद्ध र माझठाना |
|  | २०६९/०१/०७ | निर्मलपोखरी, धिताल, सराङ्कोट र दाङसिङ |
| ३. | २०६९/०१/०९ | भलाम, कास्कीकोट, नामार्जुङ, सैमराङ, हंशपुर र लाहाचोक |
| ४. | २०६९/०१/१० | लामाचौर, लुम्ले र थुम्की |
| ५. | २०६९/०१/११ | कृस्तीनाच्नेचौर |
| ६. | २०६९/०१/१२ | मौजा, धम्पुस, पुम्दीभुम्दी, थुमाकोडाँडा, रिभान र लेखनाथ नगरपालिका वडा नं. १२ |
| ७. | २०६९/०१/१३ | अर्मला, रुपाकोट र लेखनाथ नगरपालिका वडा नं. १० |
| ८. | २०६९/०१/१४ | चापाकोट र सल्यान |
| ९. | २०६९/०१/१५ | हेम्जा र पोखरा उपमहानगरपालिका वडा नं. ३, ११ र १२ लेखनाथ नगरपालिका वडा नं. ३, ९ र १३ |
| १०. | २०६९/०१/१६ | पोखरा उपमहानगरपालिका वडा नं. ७ र लेखनाथ नगरपालिका वडा नं. ६ |
| ११. | २०६९/०१/१७ | पोखरा उपमहानगरपालिका वडा नं. १, ४, ५, १० र १७ लेखनाथ नगरपालिका वडा नं. ४, ११ र १४ |
| १२. | २०६९/०१/१८ | पोखरा उपमहानगरपालिका वडा नं. १३ र लेखनाथ नगरपालिका वडा नं. ७ |
| १३. | २०६९/०१/१९ | पोखरा उपमहानगरपालिका वडा नं. ८, १४ र १५, लेखनाथ नगरपालिका वडा नं. ५ र १५ |
| १४. | २०६९/०१/२० | पोखरा उपमहानगरपालिका वडा नं. ६ र १६, लेखनाथ नगरपालिका वडा नं. ८ |
| १५. | २०६९/०१/२१ | लेखनाथ नगरपालिका वडा नं. २ |
| १६. | २०६९/०१/२२ | पोखरा उपमहानगरपालिका वडा नं. ९, लेखनाथ नगरपालिका वडा नं. १ |
| १७. | २०६९/०१/२३ | पोखरा उपमहानगरपालिका वडा नं. २ |
| १८. | २०६९/०१/२४ | पोखरा उपमहानगरपालिका वडा नं. १८ |

(२) प्रकाशित विवरणमा आफ्नो नाम छुट भएको पाइएमा नाम दर्ता गर्न, केही त्रुटी देखिएमा सच्याउन र दावी विरोध गर्नुपर्ने भएमा तोकिएको समयमा निवेदन दिन पाइने व्यवस्था गरिएको छ ।

(३) छुट भएको नामदर्ता गर्ने, त्रुटी सच्याउने, दावी भएमा त्यसमा सच्याउने कार्य पूरा हुनासाथ आयोगले अन्तिम नामावली प्रकाशन गर्नेछ ।

(४) प्रकाशित विवरणमा नाम छुट हुन गएका, विगतमा नामदर्ता गरेको समय भन्दापछि १६ वर्ष उमेर पूरा भएका र नागरिकताको प्रमाणपत्र प्राप्त गरेका व्यक्तिहरुले आफ्नो गा.वि.स.को कार्यालय वा न.पा.को वडा कार्यालयमा आएमा नाम दर्ता टोलीसमक्ष गै विवरण दर्ता गर्न पाईने व्यवस्था छ ।

(५) व्यापार-व्यवसाय, अध्ययन वा अन्य कामको सिलसिलामा आफ्नो स्थायी ठेगानाभन्दा अन्यत्र बसोबास गरिरहेका नागरिकता प्राप्त गरेका नेपालीहरुले हाल आफू रहेको जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा नाम दर्ता गर्न सक्ने व्यवस्था पनि गरिएको छ ।

(६) नाम दर्ता छुट भई आगामी निर्वाचनमा मतदान गर्ने अधिकारबाट बञ्चित हुनबाट बचौं ।

**'फोटो सहितको मतदाता नामावलीमा आजै दाम दर्ता गराउँ, मतदान गर्ने अधिकार सुरक्षित गरौं ।'**

थप जानकारीका लागि नजिकको गा.वि.स. कार्यालय वा नगरपालिकाको वडा कार्यालय, जिल्ला निर्वाचन कार्यालयको फोन नं. ०६१-४६२६७४, ०६१-४६४४३३ मा सम्पर्क गर्न सकिन्छ ।

## हाम्रा ज्योतिषसम्बन्धी सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।

२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।

३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी ज्योतिष भविष्यवाणी गरिन्छ ।

४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत् दिइने व्यवस्था चलिरहेको छ ।

५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा सञ्चालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।

६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ, नाडी विचार गरिन्छ । ज्योतिष र औषधीको तुलनात्मक उपचारबाट विरामी ठीक गरिन्छ ।

७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।

८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।

९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढ्नुहोस् । ज्योतिषमा आइपर्ने काम आफैं गर्नुहोस् ।

१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।

**वरिष्ठ ज्योतिष भविष्यवक्ता**
**डा. बलराम उपाध्याय रेग्मी**
**ज्योतिष भविष्यवाणी (साप्ताहिक)**
खुर्कोट-४, पर्वत, धौलागिरी, नेपाल
हाल पोखरा-२, अर्चलबोटचोक, कास्की, नेपाल पो.ब.नं. 207, पोखरा, नेपाल ।
फोन/फ्याक्स - +977-61-540347
मोबाइल फोन नं. +977-9856020914 (Direct)
E-mail: jbweekly@fewanet.com.np
Website: www.jbweekly.com

पृष्ठ २ को बाँकी...

डा.अधिकारी- हो, शिक्षा पैसामा बिकेको छ । वि.सं.२०४७ सालपछि जब शिक्षालाई निजीकरण गरियो तब यस्तो हुन गयो । यसलाई नियन्त्रण गर्ने कुनै पनि निकाय भएन । शिक्षा सेवामुखी नभएर व्यापारीकरण भएको छ ।
शिक्षाको बोर्ड झुण्डाएर अवैध व्यापार गर्ने गरेकाले यस्तो भएको हो । शिक्षाक्षेत्रलाई निजीकरण गरेपछि सरकारले सामुदायिक विद्यालयलाई विस्तार गर्नतिर ध्यानै दिएन । सोही कारणले निजी विद्यालयले मनोमानी गर्न थाले । सरकारले सही नीति बनाएर काम गर्न सकेको छैन । यस्तो कार्य नरोकिएमा राज्यमा दुई खालको नागरिक उत्पादन हुँदै जान्छ । यसले सामाजिक अशान्ति र सङ्घर्षको रुप लिने खतरा देखिएको छ ।

ज्यो.भ.-यो रोक्न के गर्नु पर्ला ?

डा.अधिकारी-अब सरकारले चाहेर पनि रोक्न र कानून विपरित जानेलाई कारवाही गर्न सक्दैन । उसले अब अनुगमनमात्र गर्न सक्छ । निजी विद्यालय खोल्नमा रोक लगाउनुपर्छ । सामुदायिक विद्यालयको स्तर वृद्धिसँगै विद्यालयहरूको विस्तार गर्नुपर्छ । सरकारले सबैलाई एउटै शिक्षा र विषय बनाउनुपर्छ ।

ज्यो.भ. - शिक्षा क्षेत्रमा राजनीति हावी छ नि ?

डा.अधिकारी-हो, विशेष गरी सरकारी शिक्षा क्षेत्रमा चर्को राजनीति छ । अहिले सबैभन्दा बढी राजनीति शिक्षा क्षेत्रमा नै छ । सरकारले राम्रो शिक्षा नीति ल्याउन सकेन र शिक्षकहरूलाई राजनैतिक दलको कार्यकर्ता बनाउने र शिक्षामा आफ्नो पार्टी सङगठन खोल्न दिएकाले अहिले शिक्षामा यस्तो हविगत देखिको हो । यसले शिक्षाको गुणस्तर निकै खस्केको छ । शिक्षा क्षेत्रमा प्रजातान्त्रिक अधिकार प्रयोग गर्दा सङ्गठन खोल्न नदिने भन्ने हुँदैन । जति पार्टी छन् त्यति नै सङ्गठन खोल्न दिएर यस्तो विकृति आएको छ । राजनैतिक दलहरूले शिक्षाको विकासमा भन्दा पार्टीको स्वार्थ पूरा गर्न लाग्दा यस्तो हुन गएको हो। राजनीतिको कारणले शिक्षामा सरकारले जति लगानी गरे पनि त्यसको प्रतिफल सधैं न्यून नै हुन्छ । निजी भन्दा सामुदायिक विद्यालयमा पढाउने शिक्षकको आम्दानी, योग्यता, बढी भएर पनि पढाई दिनानुदिन कमजोर बन्दै गैरहेको छ । यसको मुख्य कारण शिक्षक पेशाप्रति इमान्दार र जिम्मेवार नबनी राजनीतितिर अभिप्रेरित हुनु हो ।

ज्यो.भ. - यसलाई रोक्न के गर्नुपर्ला ?

डा.अधिकारी-राम्रो शिक्षा नीति ल्याउन जरुरी छ । शिक्षकहरूलाई राजनीति गर्न नदिई पेशाप्रति जिम्मेवार बनाउनुपर्छ । शिक्षामा भएको राजनीतिलाई अन्त्य गर्न सक्नुपर्छ । एक पटक विद्यालयमा लामो समय पढाएका शिक्षकरूलाई सुविधा सहित अवकाश दिएर आवश्यक परेको ठाउँमा नयाँ जनशक्ति ल्याउन जरुरी छ ।

ज्यो.भ.- तपाईंले पनि राजनीति गर्नुभयो होला नि ?

डा.अधिकारी-मैले सामान्य आस्था र समर्थन बाहेक खुल्ला राजनीति गरिन । बैङ्कमा छँदा कर्मचारी सङ्गठनमा लाग्नै पर्ने भएर लागियो । विधानभित्रै रहेर काम गरियो ।

ज्यो.भ. - राजनीतिलाई कसरी बुझ्नुहुन्छ ? नेपालको राजनीति कस्तो लाग्छ ?

डा.अधिकारी-राजनीति भनेको राज्य सञ्चालन गर्ने नीति हो । राजनीति राम्रो नीति हो । नेपालको राजनीति बढी अस्वस्थ र अस्वाभाविक छ । कुनै पनि चिजको मूल राम्रो भएमा तलसम्म राम्रो हुन्छ । यहाँ राजनीतिको मूल नै धमिलो भएकाले यसको असर तलसम्म देखिएको हो । अन्य मुलुकमा सीमित नीतिले मात्र प्रत्यक्ष राजनीति गरिएको हुन्छ । जनतालाई राजनीतिको कुनै मतलव हुँदैन । जब चुनाव आउँछ तबमात्र अलिअलि राजनीतिको चहलपहल हुन्छ । अन्य देशका शिक्षक वा कर्मचारीले जुन संस्थामा काम गर्छन् त्यही संस्थाको प्रमुखसँगमात्र सरोकार राख्दछन् । हाम्रो देशमा जुन काममा पनि राजनीति जोडिन्छ । राजनीति विशेष गरी दक्षिण एशियामा अन्य मुलुककोभन्दा अलि बढी हावी देखिन्छ । यसलाई पैसा कमाउने माध्यमको रुपमा प्रयोग गरिएको छ । त्यसैले नेपालको राजनीति गलत बाटोमा छ । राजनीति नेपालीको हातमा छैन । विदेशीको हातमा गएको छ । नेपालको राजनीतिमा जबसम्म विदेशीको सिद्धान्त प्रयोग हुन छोड्दैन तबसम्म नेपालको राजनीति सही तरिकाले अघि बढ्दैन । राजनीतिमा पहिलेदेखि नै विकृति, विसङ्गति राजनीति गर्ने व्यक्ति सक्षम, इमान्दार हुनुपर्नेमा अयोग्य, भ्रष्ट, असक्षम र अन्यक्षेत्रबाट फ्याँकिएका व्यक्तिले राजनीति गरेकाले यस्तो भएको हो ।

ज्यो.भ. - यो राजनीतिलाई सुधार गर्न के गर्न सकिन्छ ?

डा.अधिकारी-राजनीति सबैभन्दा उत्कृष्ट नीति हो । राजनीति राम्रो भएमा त्यसबाट सञ्चालन हुने सम्पूर्ण क्षेत्र राम्रो हुने भएकाले राजनीति गर्ने व्यक्ति इमान्दार, नि:स्वार्थी र राष्ट्रलाई सर्वोपरी ठान्ने हुनुपर्छ ।

ज्यो.भ. - तपाईंको विचारमा राजनीतिमा आएका मुख्य प्रजातान्त्रिक र मार्क्सवादी सिद्धान्त कुन उपयुक्त हो ?

डा.अधिकारी-राजनीति दर्शनमा गएर जोडिन्छ । हाम्रो देशमा राजनैतिक स्वतन्त्रताका लागि मात्र प्रजातन्त्र भएको छ । साम्यवाद पूर्ण प्रजातान्त्रिक र पूर्ण मानवीय विभेद रहित हुनुपर्नेमा उल्टो भएको छ । तर बुझाइमा साम्यवाद भनेको बोल्न नपाउने खान पाउने, प्रजातन्त्र बोल्न पाउने खान नपाउने भएको छ । त्यसैले यसको प्रचार गलत ढङ्गले गरिएको छ । अहिलेको युग अनुकुल साम्यवाद उपयुक्त हो । प्रयोगकर्ताले साम्यवादको नाममा गैर साम्यवादी व्यवहार गरेकाले कतिपय मुलुकमा असफल हुन पुग्यो । साम्यवादको नाममा प्रजातन्त्रलाई वञ्चित गर्ने र प्रजातन्त्रको नाममा मानवीय स्वतन्त्रतालाई नै वञ्चित गर्ने कार्यले गर्दा विश्वमा साम्यवादी व्यवस्थाको प्रयोग बढी सफल हुन सकेन भने पुँजीवादी व्यवस्था सङ्कटग्रस्थ हुँदै गएर विश्व साम्यवादतिर उन्मुख हुँदै गरेको देखिन्छ ।

ज्यो.भ. - तपाईंलाई साम्यवाद नै मन पर्नुको कारण ?

डा.अधिकारी-वास्तविक साम्यवाल सबैलाई मनपर्छ । अध्ययनकै क्रममा मान्छेमा हुने व्यवहार, शोषण, दमनका साथै एकथरी जति इमान्दार भए पनि सधैं पीडित, शोषित हुने र अर्कोथरी बिना परिश्रम उसमाथि हैकम चलाएर प्रभुत्वशाली हुँदै माथिल्लो श्रेणीको हुँ भनेर बसिरहने भएकाले त्यही विभेद देखेर मार्क्सवादको अध्ययन गर्नतिर लागें र त्यही सिद्धान्त मन पऱ्यो ।

ज्यो.भ. - अहिले नेपालको राजनीति राज्य पुनर्संरचना र शासकीय स्वरुपमा केन्द्रित छ । यहाँको धारणा ?

डा.अधिकारी-नेपालका लागि सङ्घीयता उपयुक्त हो कि होइन भनेर विचार नगरी सङ्घीयता हुने भनेर अन्तरिम संविधानमा उल्लेख भैसक्यो । अब सङ्घीयतामा नगई सुखै छैन । सङ्घीयता अवसर र जोखिम दुवै हो । सङ्घीयता बनाउँदा दीर्घकालीन असर र प्रभावलाई अध्ययन गरेर नामाकरण गर्दा राम्रो हुन्छ । यदि राम्रो अध्ययन हुन सकेन भने यसले चुनौति थप्न सक्छ । जातीय राज्यको पक्षमा म पनि छैन तर पहिचान र सामर्थ्यको आधारमा थोरै प्रदेश बनाएर सङ्घीयतामा जाँदा उपयुक्त हुन्छ । राज्य शासकीय स्वरुपमा विश्वमा धेरै किसिमका प्रणालीहरू छन् । तर नेपालका लागि जनताबाट चुनिएको कार्यकारी राष्ट्रपति उपयुक्त हुन्छ । यसो हुँदा प्रजातान्त्रिक पद्धतिबाट चुनिन्छ । मुलुक सङ्घीयतामा गएपछि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनु जरुरी पनि छ ।

ज्यो.भ. - देशका युवाशक्ति विदेश पलायन भएका छन् नि । के भन्नुहुन्छ ?

डा.अधिकारी-विशेष गरी नेपालका राजनैतिक पार्टी र सरकारले रेमिट्यान्सले देश धानेको छ यसलाई रोक्नुहुन्न भन्ने बुझाइनै गलत छ । यसले दीर्घकालीन असर कस्तो पार्छ भन्ने सोचाई कसैमा छैन र राम्रो पनि गर्दैन । नयाँ नेपाल बनाउने नारा नारामा मात्र सीमित छ । नेपालमा विभिन्न आर्थिक क्रियाकलाप सञ्चालन गरेर देशलाई समृद्धिको मार्गमा लैजानुपर्नेमा युवालाई विदेश पठाउनु देशलाई कमजोर बनाउनु हो । तत्काल फाइदा देखिए पनि यसले दीर्घकालीन रुपमा ठूलो नोक्सान पुऱ्याउँछ । सबै युवा विदेश जाँदा गाउँमा युवा बिहिन भै जग्गा सबै बाँझो छ । भएका उद्योगधन्दा सबै बन्द छन् । नेपाली परनिर्भर बन्दै गैरहेका छन् । स्वदेशमा भएका नागरिक बेकाम बन्दा देशमा व्यापक अशान्ति फैलिएको छ । सरकारले यसमा विशेष ध्यान दिनु जरुरी छ । देशमा व्यापक रुपमा औद्योगिकीकरण गर्नुका साथै कृषिमा आधुनिकीकरण गरी रोजगारको सृजना गरी युवालाई स्वदेशमा नै काम लगाउनुपर्छ ।

ज्यो.भ. - तपाईंको विचारमा ज्योतिष के हो ? तपाईंलाई ज्योतिषमा विश्वास लाग्छ कि लाग्दैन?

डा.अधिकारी-ज्योतिष पनि एक किसिमको विज्ञान हो । मलाई ठीकै लाग्छ ।

ज्यो.भ. - अहिलेको ज्योतिष कस्तो लाग्छ ?

डा.अधिकारी-अहिलेको ज्योतिषमा धेरै विकृति आएका छन् । जस्ता पनि मानिस ज्योतिषी बन्ने, अध्ययन अनुसन्धान नगरी अनुमानको आधारमा भविष्यवाणी गर्ने, अल्पज्ञानी मानिसले ज्योतिष पेशा अँगाल्ने भएकाले मानिसको विश्वासमा कमि आएको छ । कताकता ज्योतिष धर्मसँग जोडिएको छ । यसलाई धर्मबाट अलग गराई छुट्टै विज्ञानको रुपमा रहन जरुरी छ र त्यसो भएमा सबैले विश्वास गर्नेछन् ।

ज्यो.भ. - ज्योतिषको विकास गर्न के गर्नुपर्ला ?

डा.अधिकारी-मानिसमा ज्योतिषप्रतिको धारणा धर्म र कर्मकाण्डको रुपमा रहेको छ । ज्योतिषको ज्ञान नभएको मानिसले ठगेको भन्ने भ्रम मानिसमा व्याप्त छ । यसलाई चिर्दै ज्योतिषको ज्ञान नभएको मानिसलाई ज्योतिषको चेतना जगाउन जरुरी छ । ज्योतिष भनेको के हो भन्ने कुरा प्रष्ट पार्न जरुरी छ । ज्योतिष सम्बन्धी अध्ययन अध्यापनमा पनि सुधार हुनुपर्छ । यसलाई ऐच्छिक विषयको रुपमा विद्यालयको हरेक तहमा ल्याउनुपर्छ ।

ज्यो.भ. - ज्योतिष शिक्षाको विकासमा छुट्टै ज्योतिष विश्वविद्यालय स्थापना हुन जरुरी छैन ?

डा.अधिकारी-ज्योतिषको पढाई संस्कृत विश्वविद्यालयमा पनि हुन्छ । त्यसको विकास गरेमा पनि हुन्छ । यसको छुट्टै विश्वविद्यालय स्थापना भए यसको विकास हुन्छ । ज्योतिषको छुट्टै विज्ञानको रुपमा स्थापना गरेर विश्वविद्यालय बनाई हरेक विभागमा नि:शुल्क शिक्षाको व्यवस्था गर्नुपर्छ । यसमा सरकारले केही गरेको छैन । सरकारीस्तरबाटै ध्यान दिन आवश्यक छ । यसलाई रोनाट्स जस्तै गरेर भिन्न रुपमा स्थापना भएमा सुनमा सुगन्ध हुन्छ । ज्योतिषको विश्वविद्यालय स्थापना गर्न मेरा मित्र डा. बलरामजी निकै लाग्नुभएको छ । डा. बलरामजी मेरो बी.एल. पढ्दाको साथी पनि हुनुहुन्छ । उहाँले ज्योतिष विद्याको उन्नति, प्रवर्द्धन र विकासका लागि जुन तवरबाट निष्ठाका साथ लाग्नुभएको छ त्यसको सराहना गर्दछु र उहाँको उद्देश्य पूरा होस् भन्ने कामना गर्दछु । त्यसमा हामीले के कस्तो सहयोग गर्नुपर्छ आग्रह भएमा गर्न तैयार छु ।

ज्यो.भ. - धर्म भनेको के हो ? धर्ममा तपाईं कत्तिको विश्वास गर्नुहुन्छ ?

डा.अधिकारी-धर्म भनेको धारण गर्ने चिज हो । धर्म एक किसिमको प्रकृति हो । म धर्ममा त्यति विश्वास गर्दिन । म पूजा आजा मान्दिन र विश्वास पनि गर्दिन ।

ज्यो.भ. - हाम्रो देश नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा भैसक्यो नि ?

डा.अधिकारी-मलाई ठीकै लाग्छ । हिन्दूधर्म मात्रभन्दा अन्यलाई उपेक्षित गरेको जस्तो हुन्छ । धर्ममा राज्यले हस्तक्षेप गर्न हुँदैन । निरपेक्षको अर्थ कतैतिर पनि नलाग्नु हो ।

ज्यो.भ. - तपाईंको जीवनको एकमात्र लक्ष्य के छ ?

डा.अधिकारी-असल मानिस बन्ने ।

ज्यो.भ. - काम या अन्य सिलसिलामा कति देशको भ्रमण गर्नुभएको छ ? अनि नेपालका कति जिल्लाको भ्रमण गर्नुभयो ?

डा.अधिकारी-विभिन्न सिलसिलामा भारत र चीनको भ्रमण गरेको छु भने नेपालका करिब ६० जिल्लाको भ्रमण गरिसकेको छु ।

ज्यो.भ. - नेपाल प्राज्ञ मन्चलाई बाहिरी क्षेत्रले कस्तो सहयोग गरेमा राम्रो होला ?

डा.अधिकारी-यसमा सरकारी तवरबाट कुनै सहयोग भएको छैन । अन्य मुलुकमा प्राज्ञिक व्यक्तिहरूको सल्लाह अनुसार काम हुन्छन् । यहाँ प्राज्ञिक व्यक्तिहरूको कहिल्यै प्रयोग गरेको पाइँदैन । राज्यले योजना बनाउँदा सम्बन्धित व्यक्तिको राय, सल्लाह र सुझाव अनुसार काम गर्नुपर्नेमा हचुवाको रुपमा काम गर्दा राष्ट्र असफल हुँदै गैरहेको छ । राज्यले प्राज्ञिक व्यक्तिहरूलाई अवसर दिनुपर्छ ।

ज्यो.भ. - नेपालको एकमात्र ज्योतिष विधागत समाचारपत्र ज्योतिष भविष्यवाणीलाई के भन्नुहुन्छ?

डा.अधिकारी-पत्रिकाको निरन्तरता र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

ज्यो.भ. - व्यस्तताका बाबजुद महत्वपूर्ण समयका लागि धेरै-धेरै धन्यवाद ।

डा.अधिकारी-तपाईंले मेरो विचारलाई पाठक समक्ष ल्याउन जुन अवसर प्रदान गर्नुभयो यसप्रति तपाईं र ज्योतिष भविष्यवाणी पत्रिकालाई हार्दिक धन्यवाद।

# ज्योतिष भविष्यवाणी १५औं वर्षमा

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपाल अधिराज्यको इतिहासमा एकमात्र ज्योतिष समाचारपत्र ज्योतिष भविष्यवाणी (साप्ताहिक) चौधौं वर्ष पूरा गरी १५औं वर्षमा प्रवेश गरेको छ ।

प्रेस काउन्सिल काठमाडौंको मूल्याङ्कनमा समेत परिसकेको यो त्रिकाको संस्थापक/सम्पादक/प्रकाशक ज्यो.डा. बलराम उपाध्याय रेग्मीका अनुसार यति लामो समयसम्म टिकेको ज्योतिष विधागत अखवार दक्षिण एशियामा नै यो पहिलो हुन पुगेको छ ।

त्यस्तै वेवस्टाट् मन्टिगो स्रोतले जनाए अनुसार जे.वी. विक्ली डट्.कम. नेपाली तथा अङ्ग्रेजी संस्करणका ज्योतिष समाचारपत्र विश्वस्तरमा नै अर्को भेटिएको छैनन् ।

त्यस्तै प्राप्त अर्को जानकारी अनुसार ज्योतिष भविष्यवाणी ( साप्ताहिक) पढ्ने पछिल्लो पाठकको सङ्ख्या उनान्साठी हजार पुगेको छ ।

# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार २०६९/१/७ Apr.19, 2012 | बिहान ५:३७ बजेदेखि ७:०७ बजेसम्म **शुभ**/बिहान ७:०७ बजेदेखि ८:३७ बजेसम्म **रोग**/बिहान ८:३७ बजेदेखि १०:०७ बजेसम्म **उद्वेग**/बिहानमा १०:०७ देखि ११:३७ बजेसम्म **चर**/बिहानमा ११:३७ देखि दिनमा १:०७ बजेसम्म **लाभ**/दिनमा १:०७ बजेदेखि २:३७ बजेसम्म **अमृत**/दिनमा २:३७ देखि ४:०७ बजेसम्म **काल**/बेलुकी ४:०७ देखि ५:३७ बजेसम्म **शुभ** । |
| शुक्रबार २०६९/१/८ Apr.20, 2012 | बिहान ५:३६ बजेदेखि ७:०६ बजेसम्म **चर**/बिहान ७:०६ बजेदेखि ८:३६ बजेसम्म **लाभ**/बिहान ८:३६ बजेदेखि १०:०६ बजेसम्म **अमृत**/बिहानमा १०:०६ देखि ११:३६ बजेसम्म **काल**/बिहानमा ११:३६ देखि दिनमा १:०६ बजेसम्म **शुभ**/दिनमा १:०६ बजेदेखि २:३६ बजेसम्म **रोग**/दिनमा २:३६ देखि ४:०६ बजेसम्म **उद्वेग**/बेलुकी ४:०६ देखि ५:३६ बजेसम्म **चर** । |
| शनिबार २०६९/१/९ Apr.21, 2012 | बिहान ५:३५ बजेदेखि ७:०५ बजेसम्म **काल**/बिहान ७:०५ बजेदेखि ८:३५ बजेसम्म **शुभ**/बिहान ८:३५ बजेदेखि १०:०५ बजेसम्म **रोग**/बिहानमा १०:०५ देखि ११:३५ बजेसम्म **उद्वेग**/बिहानमा ११:३५ देखि दिनमा १:०५ बजेसम्म **चर**/दिनमा १:०५ बजेदेखि २:३५ बजेसम्म **लाभ**/दिनमा २:३५ देखि ४:०५ बजेसम्म **अमृत**/बेलुकी ४:०५ देखि ५:३५ बजेसम्म **काल** । |
| आइतबार २०६९/१/१० Apr.22, 2012 | बिहान ५:३४ बजेदेखि ७:०४ बजेसम्म **उद्वेग**/बिहान ७:०४ बजेदेखि ८:३४ बजेसम्म **चर**/बिहान ८:३४ बजेदेखि १०:०४ बजेसम्म **लाभ**/बिहानमा १०:०४ देखि ११:३४ बजेसम्म **अमृत**/बिहानमा ११:३४ देखि दिनमा १:०४ बजेसम्म **काल**/दिनमा १:०४ बजेदेखि २:३४ बजेसम्म **शुभ**/दिनमा २:३४ देखि ४:०४ बजेसम्म **रोग**/बेलुकी ४:०४ देखि ५:३४ बजेसम्म **उद्वेग** । |
| सोमबार २०६९/१/११ Apr.23, 2012 | बिहान ५:३४ बजेदेखि ७:०४ बजेसम्म **अमृत**/बिहान ७:०४ बजेदेखि ८:३४ बजेसम्म **काल**/बिहान ८:३४ बजेदेखि १०:०४ बजेसम्म **शुभ**/बिहानमा १०:०४ देखि ११:३४ बजेसम्म **रोग**/बिहानमा ११:३४ देखि दिनमा १:०४ बजेसम्म **उद्वेग**/दिनमा १:०४ बजेदेखि २:३४ बजेसम्म **चर**/दिनमा २:३४ देखि ४:०४ बजेसम्म **लाभ**/बेलुकी ४:०४ देखि ५:३४ बजेसम्म **अमृत** । |
| मंगलबार २०६९/१/१२ Apr.24, 2012 | बिहान ५:३३ बजेदेखि ७:०३ बजेसम्म **रोग**/बिहान ७:०३ बजेदेखि ८:३३ बजेसम्म **उद्वेग**/बिहान ८:३३ बजेदेखि १०:०३ बजेसम्म **चर**/बिहानमा १०:०३ देखि ११:३३ बजेसम्म **लाभ**/बिहानमा ११:३३ देखि दिनमा १:०३ बजेसम्म **अमृत**/दिनमा १:०३ बजेदेखि २:३३ बजेसम्म **काल**/दिनमा २:३३ देखि ४:०३ बजेसम्म **शुभ**/बेलुकी ४:०३ देखि ५:३३ बजेसम्म **रोग** । |
| बुधबार २०६९/१/१३ Apr.25, 2012 | बिहान ५:३२ बजेदेखि ७:०२ बजेसम्म **लाभ**/बिहान ७:०२ बजेदेखि ८:३२ बजेसम्म **अमृत**/बिहान ८:३२ बजेदेखि १०:०२ बजेसम्म **काल**/बिहानमा १०:०२ बजेदेखि ११:३२ बजेसम्म **शुभ**/बिहानमा ११:३२ देखि दिनमा १:०२ बजेसम्म **रोग**/दिनमा १:०२ बजेदेखि २:३२ बजेसम्म **उद्वेग**/दिनमा २:३२ देखि ४:०२ बजेसम्म **चर**/बेलुकी ४:०२ देखि ५:३२ बजेसम्म **लाभ** । |

## साप्ताहिक साहित

१. वैशाख ७, २०६९ बिहीबार - पश्चिम र उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
२. वैशाख ८, २०६९ शुक्रबार - उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
३. वैशाख ९, २०६९ शनिबार - उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
४. वैशाख १०, २०६९ आइतबार - उत्तर र पूर्व दिशाको यात्रामात्रै शुभ रहेको छ ।
५. वैशाख ११, २०६९ सोमबार - उत्तर दिशाको यात्रामात्रै शुभ रहेको छ ।
६. वैशाख १२, २०६९ मङ्गलबार - पूर्व र दक्षिण दिशाको यात्रामात्रै शुभ रहेको छ ।
७. वैशाख १३, २०६९ बुधबार - पूर्व र दक्षिण दिशाको मात्र यात्रा शुभ रहेको छ भने अन्य कुनैपनि दिशाको यात्रा नगर्नु नै राम्रो हुनेछ ।

# तपाईंको यो हप्ता

(वैशाख ७ गते बिहीबारदेखि वैशाख १३ गते बुधबारसम्म)
(From Apr.19, 2012 to Apr.25, 2012)

ज्यो. सीता रेग्मी
ज्योतिष भविष्यवाणी परामर्श केन्द्र
विन्ध्यवासिनी मन्दिर, पोखरा
मोवाइल: ९८४६२१८८१५

१. मेष: (Aries)(चु. चे. चो. ला. लि. लु. ले. लो. अ.)
तपाईंको यो हप्ता स्वास्थ्य भरपर्दो रहने छैन । खानामा कुनै गडबढीको सम्भावना छ । कुनै व्यक्तिसँग विवाद पर्ने, जताबाट पनि हानी नोक्सानीको डर छ । सबै प्रकारले सतर्क रहनुहोला । हप्ताको अन्त्यतिर पछिल्ला दिनमा स्वास्थ्य राम्रो, आदर-सत्कार पाइने, घरमा पारिवारिक सहयोग राम्रो पाइने, वैवाहिक कार्यमा सहभागी हुन पाइनेछ।

२. वृष:(Tauras)(ई. उ. ऐ. ओ. वा. वि. वु. वे. वो.)
तपाईंका लागि यो हप्ता स्वास्थ्यले राम्रो साथ दिनेछ । प्रशन्नता बढ्ने काम हुनेछन्। उठ्नुपर्ने रकम सजिलै उठ्नेछ । सबै प्रकारका काममा राम्रो सफलता मिल्ने देखिन्छ । समयको सही उपयोग अवश्य गर्नुहोला । हप्ताको अन्त्यतिर आँटेका कामहरुमा असफलता, सोचेजतिका सबै कामहरुमा बिघ्नबाधा पर्नेछन् । बेलैमा सतर्क रहनुहोला

३. मिथुन:(Gemini) (का. कि. कु. घ. ङ. छ. के. को. ह.)
तपाईंका लागि यो हप्ता स्वास्थ्य ठीक-ठाक रहनेछ । गर्न खोजेका केही काम सफल र केही अधुरा रहनेछन् । यो हप्ता समय मध्यम शुभ रहेको छ । लाभ, हानी, आफ्नो आम्दानी हेरी चल्नुहोला । व्यर्थैको काममा फँसाउन खोज्ने छन्, सतर्क हुनुहोला ।

४. कर्क:(Cancer)(हि. हु. हे. हो. डा. डि. डु. डे. डो.)
तपाईंका लागि यो हप्ताको जुनसुकै काममा बिध्नबाधा रहेका छन् । सकेसम्म विवादमा नपरिकन समस्या सुल्झाउनेतर्फ लाग्नुहोला । मनमा अशान्ति, यात्रामा बिध्नबाधा, वायुरोग लाग्ने, खानामा गडबढी, कुनै अप्रिय समाचारपनि सुन्नुपर्ला जस्तो छ । हप्ताको अन्त्यतिर भने केही सुधार हुँदै जानेछ ।

५. सिंह:(Leo) (मा. मि. मु. मे. मो. टा. टि. टु. टे.)
तपाईंका लागि यो हप्तामा गरेको काममा जस नपाइने, मानसिक चिन्ता बढ्ने काम अरुबाट हुने, आफन्त मानिएका व्यक्तिको विरोधले कतिपय कामहरु अधुरो रहनेछन् । जताबाटपनि खर्चमात्रै हुने अवस्था रहेको छ । सकेसम्म सतर्क रहनुहोला । हानी र नोक्सानीबाट मात्रै जोगाउन सकेमा धेरै ठूलो उपलव्धि हुनेछ ।

६. कन्या:(Virgo)(टो. पा. पी. पू. ष. ण. ठ. पे. पो.)
यो हप्ता तपाईंका लागि नसोचेको धन हात लाग्ने अवस्था छ । जमीन, घडेरी किन्दै हुनुहुन्छ भने बुधबार र बिहीबारको दिन पास गर्नुहोला । नयाँ मित्र, नयाँ साझेदारसँगको भेट सहकार्यबाट आउँदा धेरै वर्षसम्मको योजना सफल पार्न सक्नुहुनेछ । समयको सही उपयोग अवश्यपनि गर्नुहोला । हप्ताको अन्त्यतिर समय केही खराब रहेको छ ।

७. तुला:(Libra)(रा. री. रु. रे. रो. ता. ती. तु. ते)
यो हप्ता तपाईंको प्रारम्भमा स्वास्थ्य ठीकठाक रहनेछ । प्रशन्नता, आय आर्जनका स्रोतहरु फेला पर्ने, शुरु गरेका काममा सफलता, हप्ताको अन्त्यतिर मानसिक असन्तोष, आँखामा कष्ट, धनहानी हुन सक्नेछ । टाढाको यात्रामा पनि विघ्नबाधा रहने छन् ।

८. वृश्चिक:(Scorpio) (तो. ना. नि. नू. ने. नो. या. यि. यू.)
तपाईंका लागि यो हप्ता आफन्त व्यक्तिसँग विवाद पर्न सक्नेछ । मन चञ्चल रहने हुनाले कार्यक्रममा विघ्नबाधा आइपर्नेछन् । वायूरोग लाग्ने, मनमा अशान्ति, यात्रामा विघ्नबाधा रहेको छ भने हप्ताको अन्त्यतिर आरोग्यता, प्रशन्नता, धनको प्राप्ति सबै प्रकारको काममा सफलता मिल्नेछ ।

९. धनु:(Sagittarius)(ये. यो. भा. भी. भू. ध. फ. ढ. भे.)
तपाईंको यो हप्तामा एक्कासी नयाँखालको रोगले दु:ख दिन सक्नेछ । कुनै व्यक्तिसँग झगडा पर्ने, जताबाट पनि नोक्सान मात्रै पर्नेछ । शत्रूसँगको विवाद झनै चर्किने छ । मनमा अशान्ति, यात्रामा बिघ्नबाधा, खानामा गडबडी हुनेछ भने हप्ताको अन्त्यतिर लाभ हुने, स्वास्थ्य राम्रो, धन प्राप्ति, यश कीर्ति बढ्ने, घरमा नयाँ चहलपहल हुनेछ ।

१०. मकर:(Capricorn)(भो. ज. जी. खि. खु. खे. खो. ग. गी.)
तपाईंलाई यो हप्ता जुनसुकै काममा बिध्नबाधा रहेका छन् । सकेसम्म विवादमा नपरिकन समस्या सुल्झाउनेतर्फ लाग्नुहोला । मनमा अशान्ति, यात्रामा बिध्नबाधा, वायुरोग लाग्ने, खानामा गडबढी, कुनै अप्रिय समाचारपनि सुन्नुपर्ला । आफूपनि बोलीवचनमा सतर्क रहनुहोला । आम्दानी पनि भने जस्तो नहुँदा चिन्ता थपिनेछ ।

११. कुम्भ:(Aquarius)(गु. गे. गो. सा. सी. सु. से. सो. द.)
तपाईंको यो हप्तामा आफन्त व्यक्तिबाट नै धोका र अविश्वासको सम्भावना छ । तपाईंले गर्न खोजेका काममा चारैतिरबाट अवरोधका सम्भावना छन् । आकस्मिक चोरी हुन सक्ने छ । यो हप्ता सबै प्रकारले सतर्क रहनुहोला। हप्ताको अन्त्यतिर कुनै व्यक्ति मार्फत धन उठ्ने, गरेको परिश्रमको राम्रो लाभ पाइने छ । मानसिक शान्ति र आराम मिल्ने समय चल्नेछ ।

१२. मीन:(Pisces)(दी. दू. थ. झ. ञ. दे. दो. चा. ची.)
तपाईंको यो हप्तामा स्वास्थ्य राम्रो, आदर-सत्कार पाइनेछ । घरमा पारिवारिक सहयोग पाइने, एक्कासी आम्दानी बढ्ने, जमिन किनबेचमा लाभ, मित्रजनसँग भेट, जताबाट पनि हर्ष र खुशीका खबरमात्रै पाइनेछ भने हप्ताको अन्त्यतिर कुनै व्यक्तिसँग विवादमा परिने, मन चञ्चल रहने, कार्यमा विघ्नबाधा आइलाग्ने, अकस्मात रोग लाग्ने, मन परेको खानामा अवरोध आउनेछ।

प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट 'ज्योतिष भविष्यवाणी' (साप्ताहिक) कार्यक्रम, धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट 'ज्योतिष जागरण' साप्ताहिक कार्यक्रम प्रत्येक सोमबार बेलुकी ५ देखि ६ बजे सुन्दै गर्नुहोला । कार्यक्रम सञ्चालक : वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी, जिज्ञासा टिपोटका लागि ९८५६०२०९१४, ९८५६०३०९१४

संस्थापक/प्रधान सम्पादक/प्रकाशक-ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile 00977-9856020914, ९८५६०३०९१४
प्रमुख व्यवस्थापक-ज्यो.सुश्री सीता रेग्मी, कानुनी सल्लाहकार अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियशन, प्रबन्ध निर्देशक- रामनाथ अधिकारी 'संगी'(९८४८४२१३१३), आजीवन संरक्षक: ज्यो.प्रेमकुमारी गुरुङ, ज्यो.प्रदीप रेग्मी, ज्यो.मधु रेग्मी, कम्प्यूटर सेटिङः ज्यो.भ.डेक्स, केन्द्रीय स्थायी कार्यालय: खुर्कोट-४ पर्वत, धौलागिरि, नेपाल/पश्चिमाञ्चल कार्यालय: पो.ब.नं.२०७, अर्चलबोटचोक, पोखरा-२, कास्की, नेपाल/पूर्वाञ्चल कार्यालय : बिराटनगर-१६,मोरङ्, **E-mail: jbweekly@fewanet.com.np, website: www.jbweekly.com,** www.Facebook.com/ jbweekly, Twitter @Jbweekly, मुद्रक-बन्धु अफ्सेट प्रेस, नयाँबजार, पोखरा, फोन ०६१-५३२३४४, web hosting : pokharacity.com